# बीज वृद्धि कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७

**प्रस्तावना**

कृषि उपजहरुको उत्पादनमा बृद्धि गर्नका लागि उन्नत तथा गुणस्तरीय बिउ आवश्यक भएकाले माडी नगरक्षेत्रभित्र विभिन्न जातका कृषि बालीहरुको बिउ उत्पादन, प्रशोधन, भण्डारण र वितरण कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

माडी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१). यो कार्यबिधिको नाम **"बीज वृद्धि कार्यक्रम सञ्चालन कार्यबिधि,२०७७"** रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"समूह"** भन्नाले माडी नगरपालिकामा प्रचलित कानून बमोजिम रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

(ख) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई संञ्चालनमा रहेका फर्म,कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ग) **"समिति"** भन्नाले यस कार्यबिधिको दफा ७ बमोजिम गठित प्रस्ताब छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(घ) **"शाखा"** भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले बिज बृद्धि कार्यक्रम सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** बीज बृद्धि कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ:

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(क) आधुनिक प्रविधिको प्रयोगबाट विभिन्न कृषि बालीहरुको गुणस्तरीय बीउ उत्पादन गर्ने ।

(ख) न्यून लागतमा उन्नत जातका बिउ उत्पादन गरी बीउमा आत्मनिर्भर बनाउने ।

(ग) रैथाने बालीका बीउहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्ने:**(१) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि समूह तथा फर्महरुबाट माग संकलन गर्नका लागि बढिमा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची-१ बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुन: प्रकाशन गर्न बाधा पर्ने छैन ।

५. **प्रस्ताव पेश गर्ने:**(१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक समूह वा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम माडी नगरपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले बीज बृद्धि कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) यस कार्यक्रम अर्न्तगत तपशिल बमोजिमका बालीमा तोकिएअनुसार क्षेत्रफलमा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सक्नेछन् ।

| क्र.सं. | बाली | न्युनतम मापदण्ड |
|---|---|---|
| १ | धान / गहुं / मकै | ३ बिगाहा |
| २ | तरकारी | १ बिगाहा |
| ३ | च्याउ | १० क्विन्टल |

६. **शाखा जिम्मेवार हुने:** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी शाखाको रहनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

**७. प्रस्ताव मूल्याङ्कन तथा छनोट समिति रहने** (१). तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कृषि तथा सहकारी समिति संयोजक -सदस्य

(ग) प्राविधिक शाखा प्रमुख -सदस्य

(घ) पशु शाखा प्रमुख -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमंको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्ने ।

**८. प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रिया:** (१)प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मुल्याङ्कन हुनेछ । त्यसरी प्रस्ताव मूल्यांकन गर्दा अनुसूची ४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आबेदन साथ संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३) समितिले आबश्यकता अनुसार अनुसुची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छनोटमा परेका प्रस्तावहरुको अनुसूची ४ बमोजिमका आधारमा स्थलगत निरीक्षण गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको बिवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कन गरिनेछ ।

(६) कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्दा जम्मा संख्याको बीस प्रतिशत हुने गरी बैकल्पिक समूह र फर्म समेत छनोट गरिनेछ ।

(७) छनोट भएका समूह वा फर्मले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा (६) बमोजिमको वैकल्पिक समूह वा फर्मलाई नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ ।

९. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:** (१) कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा अनुदान उपलब्ध गराइने छ ।

| क्र.सं. | क्रियाकलाप बिबरण | क्रियाकलापको विस्तृतीकरण | अनुदानको मात्रा | कैफियत |
|---|---|---|---|---|
| १ | उत्पादक बस्तु खरिद | बिरुवा/बिउ/स्पन खरिद | ५० प्रतिशत अनुदान | |
| २ | सिंचाई व्यवस्थापन | साना सिंचाई निर्माण, पाइप, मोटर, मल्चिङ तथा सिंचाई व्यवस्थापन | ५० प्रतिशत अनुदान | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | ई. स्प्रेअर, पावर स्प्रेअंर, सिकेचर, कुटो कोदालो, घाँस काट्ने, गोड्ने मेसिन, खाडल खन्ने मेसिन, खरिद आदी | ५० प्रतिशत अनुदान | |
| ४. | पोषकतत्व व्यबस्थापन | रासायनिक मल तथा सुक्ष्म खाद्यतत्व खरिद | ५० प्रतिशत अनुदान | |
| ५. | बाली संरक्षण | बिषादी तथा संरक्षण तत्व खरिद | ५० प्रतिशत अनुदान | |
| ६. | खनजोत तथा माटो व्यवस्थापन | खनजोत, मेसिनवाट वीउ रोप्ने लागत, गोड्ने लागत,बिषादी छर्कने लागत, आदी | ५० प्रतिशत अनुदान | |
| ७. | तालिम | खेती प्रविधि तालिम | ५० प्रतिशत अनुदान | |

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल

| क्र.सं. | क्रियाकलाप बिबरण | क्रियाकलापको विस्तृतीकरण | अनुदानको मात्रा | कैफियत |
|---|---|---|---|---|
| ८. | संरचना निर्माण | गोदाम घर, मेसीनरी घर, आदी | ५० प्रतिशत अनुदान | |
| ९. | ढुवानी | बिरुवा तथा अन्य उपकरण ढुवानी | ५० प्रतिशत अनुदान | |

## परिच्छेद -३
## सम्झौता र अनुदान प्रवाह प्रकिया

१०. **लागत इस्टिमेट र सम्झौता** : (१). प्रस्ताव छनोट पश्चात समूह वा फर्मले प्रस्ताव अनुसार सम्बन्धित बिषयको प्राविधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ ।

(२) स्वीकृत इस्टिमेटको आधारमा नगर कार्यपालिकाको कार्यालय र समूह वा फर्मबीच अनुसुची-५ बमोजिमको सम्झौता गरिनेछ ।

(३) समूह वा फर्मले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होडिङ्ग बोर्ड सर्बसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

(४) लागत इस्टिमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राख्न सकिनेछ ।

११. **खर्च सम्बन्धी ब्यबस्था** : (१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(२) समूह वा फर्मलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्ताबित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा धान, गहुँ वा मकैको लागिअधिकतम ६ लाख (छ लाख मात्र), तरकारीका लागि अधिकतम ५ लाख (पाँच लाख मात्र) र च्याउका लागि अधिकतम २ लाख (दुई लाख मात्र) अनुदान रकम उपलब्ध गराइनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## परिच्छेद -४
## अनुगमन तथा बिबिध

१२. **अनुगमन र मुल्याङ्कन:**(१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त माडी नगर कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ ।

**१३. बिमा :** ब्यबसायिक रुपमा खेती गरिने बालीको सम्भाब्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

**१४. प्रचलित कानून बमोजिम हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यबिधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यबिधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. संशोधन गर्न सकिने:** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१६. **खारेजी र बचाउ:**(१) साना सिंचाइ कार्यक्रमका सम्बन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४

अनुसुची -१
(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

अनुदानमा वीज वृद्धि कार्यकमको प्रस्ताव आव्हान सम्बन्धि सुचना

सूचना !

आर्थिक बर्ष ..................को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि तर्फको वीज वृद्धि प्रवर्द्दन कार्यक्रम रहेका हुँदा इच्छुक कृषि फर्म तथा कृषक समुहहरुवाट दरखास्त आव्हानका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूचि २ बमेजिमका कागजात संलग्न राखि कृषि शाखामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ। साथै कार्यक्रमका सम्बन्धमा थप जानकारीका लागि कृषि शाखामा सम्पर्क गर्नहुन समेत अनुरोध छ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

अनुसुची २

(दफा ५ को उपदफा २ सँग सम्बन्धित ।

**आवेदन फाराम तथा संलग्न गर्नु पर्ने कागजातहरु**

श्री नगर कार्यपालिकाको कार्यालय,
माडी नगरपालिका, चितवन ।

मेरो कृषि फर्म/कृषक समूहबाट चितवन जिल्ला, माडी नगरपालिका, वडा नं. .......... अर्न्तगत ...................... स्थानमा ............................ वालीको व्यवसायिक रुपमा बीज वृद्धि गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु .................. मध्ये रु .......... मेरै/हाम्रै संस्थाबाट ब्यहोर्ने बाँकी रु........................ अनुदान पाउने व्यवस्थाका लागि तपशिल बमोजिमको कागजात संलग्न राखी यो निबेदन पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरु :**

१. अनुसूचि २ अनुसार को निबेदन
२. अनुसूचि ३ अनुसारको प्रस्ताव
३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. स्थायी लेखा नंम्वर
५. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
६. कार्यक्रम सञ्चालनको लागि संस्थाको आधिकारिक निर्णय तथा अख्तियारीको माइनटको फोटोकपी
७. अख्तियारी प्राप्त गरेको पत्र र अख्तियारी प्राप्त गरेको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
८. कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा भए न्यूनतम ५ बर्ष करार सम्झौता पत्रको प्रतिलिपि ।
९. वडा कार्यालयको सिफारिस पत्र
१०. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**निबेदक**
दस्तखत
नाम थर :
पद :
सम्पर्क नं. :

कृषि फर्म/कृषक समूहको
नाम
ठेगाना :
छाप :

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसुची ३
### (दफा ५ को उपदफा २ सँग सम्बन्धित)
### प्रस्तावको ढाँचा

१. कृषि फर्म/कृषक समूहको नाम :

२. ठेगाना :

३. बीजु वृद्धि हुने जम्मा क्षेत्रफल :

४. बिस्तार हुन सक्ने क्षेत्रफल :

५. कार्यक्रमको उद्देश्य :

६. अपेक्षित प्रतिफल :

७. अनुमानित लागत

| क्र.स. | क्रियाकलापको नाम | जम्मा लागत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. दिगोपनाको योजना : (कम्तिमा ५ बर्षको कार्य योजना)

प्रस्तावक संस्थाको नाम:

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

अनुसुची ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रस्तावको मूल्याङ्कन मापदण्ड

| क.स | मूल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्युन | सामान्य | उत्तम |
| १ | क्षेत्रफल र बिस्तारको सम्भाव्यता | ० | ५ | १० |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | ० | ५ | १० |
| ३ | बीज वृद्धि बिषयमा प्राविधिक ज्ञान, सीप र अनुभव | ० | ५ | १० |
| ४ | बीज वृद्धिमा संलग्नताको अवस्था | ० | ५ | १० |
| ५ | बजारीकरणको योजना | ० | ५ | १० |
| | जम्मा | | | |

नोटः यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागि समितिले आधारहरुको विस्तृतीकरण गर्न र थप आधार तयार पार्न सक्नेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७२

अनुसूचि ५
(दफा ९ को उपदफा २ सँग सम्बन्धित)
सम्झौता पत्र

आ.ब ………………… वार्षिक स्विकृत कार्यक्रमको आधारमा वीज वृद्धि कार्यक्रम (वीज वृद्धि कार्यक्रम संचालन कार्यविधि २०७७) अनुसार मिति …………………… मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार यस कार्यालयको ………………… को निर्णयले जम्मा लागत रु ………………… (अक्षरुपि …………………………… मात्र) मध्ये कार्यालयबाट रु……………… (अक्षरुपि ………….मात्र) हुने गरि तपशिल अनुसारको वीज वृद्धि कार्यक्रम संञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुर गरि यो संझौता गरिएको छ ।

| क.स | कियाकलाप | जम्मा लागत | नगरपालिकाले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

१. यो सम्झौता पत्र माडी नगरपालिका : प्रथम पक्ष र सम्वन्धित………………दोस्रो पक्ष विच वीज वृद्धि कार्यक्रम संञ्चालन गर्ने कार्यको लागी प्रयोग हुनेछ ।

२. यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. दोस्रो पक्षलाई सम्झौता उल्लेख भएबमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गनुपर्ने छ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्पन्नता पश्चात मूल्याङकन गरी रकम उपलब्ध गराउनु पर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी गर्दा सम्बन्धीत प्राबिधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिस को आधारमा भुक्तानी गरिनेछ । दास्रो पक्षले कार्य गर्दा प्राविधिक को निर्देशनको आधारमा कार्य गर्नुपर्नेछ ।

६. कार्यसम्पन्नता पश्चात भुक्तानी गर्ने सम्बन्धमा प्राबिधिकबाट मूल्याङ्कन गराई बिल सहितको कार्य सम्पन्न प्रतिबेदन फोटो सहितको तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ ।

प्रथम पक्षको तर्फबाट
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

दास्रो पक्ष तर्फबाट नाम :
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

माडी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल